# गल्कोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
गल्कोट, बागलुङ

**४ नं. प्रदेश, नेपाल**


## गल्कोट नगरपालिका गल्कोट, बागलुङबाट जारी भएको कवाडी कर को ठेक्का बन्दोवस्त सम्बन्धी सुचना ।

**प्रथम पटक प्रकाशित मितिः२०७४।०९।२१**

गल्कोट नगरपालिका भित्र संकलन हुने कवाडी मालसामानहरुको आ.व २०७४।०७५ मा कवाडी कर संकलन सम्बन्धी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले सर्वसाधरण सबैको जानकारीको लागि यो १५ दिने सुचना प्रकाशन गरिएको छ। उक्त ठेक्का लिन ईच्छुक हुने व्यक्ति वा फर्मले तपशिल बमोजिमको शर्तहरुको अधिनमा रही २०७४ माघ ०७ गते दिनको ११ बजे यस कार्यालयमा हुने ठेक्का बढाबढ कार्यमा भाग लिन आउनुहुन यो सुचना प्रकाशित गरिएको छ।

तपशिल

- नियमानुसार लाग्ने कर ठेकेदार स्वयंमले बुझाउनु पर्ने छ।
- बोल कवोल गरेको अंकको ५ प्रतिशतले हुने रकम धरौटी बापत ठेक्का बोलेको दिन तत्कालै नगदै दाखिला गर्नुपर्नेछ।
- बोलकबोल गरेको रकम को पचास प्रतिशत रकम एकमुष्ट रुपमा ठेक्का सम्झौता गर्दाको दिन दाखिला गर्नुपर्नेछ भने बाँकी पचास प्रतिशत रकम चैत्र मसान्त भित्र दाखिला गर्नुपर्नेछ।
- ठेक्का बढाबढको दिन सार्वजनिक विदा परे सोको भोलिपल्ट कार्यालय खुलेको दिन गरिने छ।
- ठेक्का बढाबढको न्युनतम अंक रु ५०,०००( अक्षरुपी पचास हजार ) कायम गरिएको छ।
- न्युनतम अंकबाट ठेक्का बढाबढ शुरु गर्नुपर्नेछ।
- ठेक्का स्वीकृत गर्ने, नगर्ने अधिकार नगरपालिकामा निहित रहने छ।
- ठेक्का सम्बन्धि अन्य कुरा बुझ्नुपर्ने भएमा कार्यालय समयमा यस कार्यालयमा सम्पर्क राख्नुहोला।
- यहाँ उल्लेख नभएका विषयहरु प्रचलित कानुन बमोजिम हुने छ।



galkotmunicipality@gmail.com